बागमती गाउँपालिकाबाट चालु आ.ब २०८२/०८३ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारीता विषयक

सार्वजनिक सुनुवाई

संक्षिप्त प्रतिवेदन

आयोजक

बागमती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर

लोकहरी थापा
प्रमुख प्रशासकीय अधिकृत

Helping Hands Consultancy & Resource Center Pvt. Ltd.
हेल्पीङ्ग् ह्याण्डस कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा. लि
Madhyapur Thimi-3, Bhaktapur

सहजीकरण/प्रतिवेदन

जेठ २०८३

"कृषि, पर्यटन र पूर्वाधार : समृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार"

बागमती गाउँपालिकाबाट चालु आ.ब २०८२/०८३ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई

संक्षिप्त प्रतिवेदन-२०८३

भट्टेडाँडा, ललितपुर

१. कार्यक्रमको परिचय

सरोकारवाला नागरिक र स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरु बीच सार्वजनिक चासोका विषयमा सार्वजनिक थलोमा बसेर गरिने खुला छलफललाई नै सार्वजनिक सुनुवाई भनिन्छ । सार्वजनिक निकायले दिने सेवाको विषयमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई नियमित संचालन गर्ने गरिन्छ । स्थानीय विकास निर्माण तथा सेवा प्रवाहको विषयमा सेवाग्राही र सेवप्रदायकबीच हाक्काहाक्की प्रश्नोत्तरको शैलीमा आयोजना गरि सेवाग्राहीहरुको पीरमर्का, गुनासाहरु सुनी प्रभावकारी सेवा प्रवाहको लागि सार्वजनिक सुनुवाई संचालन गर्ने गरिएकोछ । स्थानीय तह तथा सरकारी वा सार्वजनिक निकायले नियमित रुपमा सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने कानूनी व्यवस्था समेत रहेकोछ । सार्वजनिक सुनुवाई नियमित संचालन गर्दा सेवाप्रवाह प्रभावकारी हुनुको साथै गुणस्तरीय विकास निर्माण प्रक्रियालाई समेत मद्धत पुग्दछ ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै सुशासन, पारदर्शीता र जबाफदेहिता प्रबर्द्धन गर्ने विषय उल्लेख गरिएकोछ । त्यसैगरि नेपालको संविधान २०७२ को धारा ५१ राज्यको निर्देशक सिद्धान्त (च.३) मा विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागीता अभिबृद्धि गर्नुपर्ने, धारा २७ (मौलिक हक) सूचनाको हकले पनि प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयमा सूचना माग्ने र पाउने हक हुने व्यवस्था गरेकोछ। त्यस्तै, सुशासन ऐन २०६४ को दफा ३० (१) ले स्थानीयस्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाले कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम नियमित रुपमा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था रहेकोछ भने **स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु**को उपदफा (५) मा सबै स्थानीय तहले सार्वजनिक सेवा प्रबाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुपमा संचालन गर्नुपर्ने बाध्यकारी ब्यवस्था रहेकोछ ।

स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ को ३.४ अनुगमन, मूल्याङ्कन तथा लेखा परीक्षण अन्तर्गत (७७) मा **प्रत्येक चौमासिकमा कम्तीमा एकपटक** आफूले गरेको कामको सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने ब्यवस्था रहेकोछ । त्यसैगरि, **बागमती गाउँपालिका सामाजिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८** जारी गरी सोही अनुसार कार्य गरिरहेको देखिन्छ । बागमती गाउँपालिकाले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासा तथा जिज्ञासाहरुको विषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले बागमती गाउँपालिकाको परिसर भट्टेडाँडामा **२०८३ जेठ २९ गते शुक्रवार**का दिन सार्वजनिक सुनुवाई संचालन गरिएको थियो ।

२. कार्यक्रमको उद्देश्य

- बागमती गाउँपालिका तथा वडा कार्यालयबाट चालु आ.व २०८२/०८३ को हालसम्म भएको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- जननिर्वाचित प्रतिनिधि तथा कर्मचारीहरुलाई नागरिकहरु प्रति थप जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।
- सेवाग्राहीहरुको गुनासा, समस्या तथा जिज्ञासाहरुको बिषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने ।
- नागरिकलाई सूचनाको हकको प्रत्याभूति गराउँदै थप सेवा सुधारको लागि प्ररित गर्ने ।
- नागरिक अभिमत संकलन पश्चात् आएको नतिजा सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासा वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।

३. कार्यक्रमको संक्षिप्त जानकारी

सार्वजनिक सुनवाई संयोजन गर्ने व्यक्तिको
नाम : **श्री उमङ्ग मैनाली (स्वतन्त्र सहजकर्ता)**
ठेगाना : **हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.भक्तपुर**
कार्यक्रम आयोजक : **बागमती गाउँपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर**
सार्वजनिक सुनुवाईको विषय : **बागमती गाउँपालिकाबाट चालु आ.व २०८२/०८३ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवाको प्रभावकारिता तथा विकास निर्माणको गुणस्तरीयता**

<u>कार्यक्रम विवरण</u>

- मिति : २९ जेठ २०८३ शुक्रवार
- स्थान : बागमती गाउँपालिकाको परिसर भट्टेडाँडा, ललितपुर
- समय : दिनको १ :३० बजेदेखि ४ बजेसम्म (२ घण्टा ३० मिनेट)
- आयोजक : बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भट्टेडाँडा, ललितपुर
- सहजीकरण : हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.मध्यपुरठिमि न.पा.-३, भक्तपुर

४. जवाफदेही वक्ताहरु

- बागमती गाउँपालिका अध्यक्ष **श्री बिर बहादुर लोप्चन** *(अध्यक्षता समेत)*
- बागमती गाउँपालिका उपाध्यक्ष **श्री भक्तबहादुर दर्लामी मगर**
- बागमती गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री लोकहरी थापा**
- बागमती गाउँपालिका वडा नं १ का अध्यक्ष **श्री ज्ञान बहादुर लो**
- बागमती गाउँपालिका वडा नं २ का अध्यक्ष **श्री राम बहादुर भुलुन तामाङ**
- बागमती गाउँपालिका वडा नं ३ का अध्यक्ष **श्री नबराज खड्का**
- बागमती गाउँपालिका वडा नं ४ का अध्यक्ष **श्री रामकुमार लामा**
- बागमती गाउँपालिका वडा नं ५ का अध्यक्ष **श्री नवराज तिमिल्सिना**
- बागमती गाउँपालिका वडा नं ६ का अध्यक्ष **श्री नारायण भोम्जन**

○ बागमती गाउँपालिका वडा नं ७ को प्रतिनिधि.........................

अतिथि : नेपाल नेटवर्क टेलिभिजनका प्रतिनिधि **श्री भरत लामिछाने**

५. सार्वजनिक सुनुवाईको उपस्थित विवरण

दलित		जनजाति		ब्राम्हण, क्षेत्री, नेवार		कूल		
महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	जम्मा
१	०	५	१७	१६	३७	२२	५५	७७

(सहभागीहरुको विस्तृत विवरण अनुसूची-५ मा राखिएकोछ ।)

६. संचालन प्रक्रिया

प्रारम्भिक चरण

क. समन्वयात्मक बैठक

बागमती गाउँपालिकाबाट चालु आ.व २०८२/०८३ को हालसम्म प्रबाह भएका सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाईको लागि बागमती गाउँपालिका अध्यक्ष श्री बिर बहादुर लोप्चन, उपाध्यक्ष श्री भक्तबहादुर दर्लामी मगर, प्रमुख प्रशासकीय अधिकृत श्री लोकहरी थापा, सूचना अधिकारी श्री मिलन शर्मा घिमिरेसँग हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.को तर्फबाट सहजकर्ता श्री उमङ्ग मैनालीले समन्वय गर्नुभएको थियो । गाउँपालिकाको निर्णय पश्चात् २०८३ जेठ २९ गतेका दिन गाउँपालिकाको केन्द्रमा सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात् आवश्यक तयारी लगायत ब्यवस्थापकीय कार्यहरु गाउँपालिका तथा हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.ले गरेको थियो ।

ख. सहजकर्ताको छनौट तथा समन्वय

बागमती गाउँपालिकाको कार्यालयले आयोजना गरेको बागमती गाउँपालिकाबाट चालु आ.व २०८२/०८३ को हालसम्म प्रबाह गरिएको सार्वजनिक सेवाको प्रभावकारिता र विकास निर्माणको गुणस्तरीयता विषयक गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको निर्णय अनुसार तेस्रो पक्षको रुपमा हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.सँग संझौता गरी कार्य गरिएको थियो । सार्वजनिक सुनुवाईको नेतृत्व सुशासन बिज्ञ एवं स्वतन्त्र सहजकर्ता श्री उमङ्ग मैनालीले गर्नुभएको थियो । गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरुसँग नियमित रुपमा सम्पर्क तथा समन्वय गरिएको थियो । ब्यवस्थापकीय पक्षको विषयमा नियमित रुपमा सार्वजनिक सुनुवाई संचालन गर्नुपूर्व प्रमुख प्रशासकीय अधिकृत श्री लोकहरी थापा र सूचना अधिकारी श्री मिलन शर्मा घिमिरेसँग आवश्यक समन्वय गरिएको थियो ।

घ. बहिर्गमन अभिमत संचालन

बागमती गाउँपालिकाबाट चालु आ.व २०८२/०८३ को हालसम्म प्रबाह भएका सार्वजनिक सेवाको प्रभावकारिता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाई संचालन गर्नुपूर्व गाउँपालिकाबाट प्रवाह गरिएको सेवा तथा विकास निर्माणमा नागरिकको सन्तुष्टीको अवस्था मापन गर्न **बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८** को अनुसुची-२० मा ब्यवस्था भए अनुसारको गाउँपालिकाको सातवटै वडा तथा गाउँपालिकाबाट बहिर्गमन अभिमत संकलन गरिएको थियो । तेस्रो पक्षको तर्फबाट सहजकर्ताद्वय **श्री नवराज प्रसाद हुमागाईं र श्री पूर्ण बहादुर कार्की**ले बागमती गाउँपालिका तथा वडाबाट प्रत्यक्ष सेवा लिएका १०० जना सेवाग्राहीबाट बहिर्गमन अभिमत संकलन गर्नुभएको थियो । **२०८३ जेठ १९ गतेदेखि २७ गतेसम्म** बागमती गाउँपालिका तथा वडा कार्यालयबाट प्रत्यक्ष रुपमा सेवा लिएर फर्किएका ३६ जना महिला र ६४ जना पुरुष सेवाग्राहीसँग सहजकर्ताले प्रश्नावली भराउनु भएको थियो । प्रश्नावलीमा

सार्वजनिक सेवा तथा वस्तुको गुणस्तरसँग सम्बन्धित ६ वटा प्रश्नावली तथा राम्रा तथा सुधार गर्नुपर्ने पक्षहरु पनि समेटिएको थियो । प्रश्नावली भरिसकेपछि विश्लेषण गरिएको नतिजा सार्वजनिक सुनुवाईको सुरुवात्मा नै प्रस्तुत गरी जवाफदेही वक्ताहरुबाट प्रतिक्रिया लिइएको थियो । समग्रमा सबै प्रश्नहरुमा सन्तोषजनक नै उत्तर प्राप्त भएको थियो । बहिर्गमन अभिमतको बिस्तृत नतिजा शीर्षकगत रुपमा **अनुसूची-२ र अनुसूची-३** मा राखिएकोछ ।

घ. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन

स्थानीय राजपत्र

बागमती गाउँपालिका, ललितपुरद्वारा प्रकाशित		
खण्ड ४	संख्या ७	मिति: २०७८/०४/०१

भाग २

बागमती गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७८ सालको कार्यविधि संख्या ७

बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८

स्थानीय सरकारले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के-के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएकोछ ? सेवा प्रवाह गर्न लागि कस्ता-कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के- कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नुपर्ने अवस्थाछ भन्ने कुराको गहन अध्ययन गरिएको थियो । स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् ? सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली, २०६५, सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ तथा बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ जस्ता विभिन्न ऐन, नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन सहजकर्ताद्धारा गरिएको थियो ।

ङ. सार्वजनिक सुनुवाईको प्रचार-प्रसार

बागमती गाउँपालिकाबाट चालु आ.व २०८२/०८३ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवाको प्रभावकारिता तथा विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाईमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि गाउँपालिकाको तर्फबाट सूचना प्रवाह गरिएको थियो । गाउँपालिकाको वेइबसाइड तथा ठूला, साना फ्लाक्स प्रिन्ट बनाई गाउँपालिका वडा कार्यालय तथा बजार केन्द्रमा टाँस गरिएको थियो । सार्वजनिक सुनुवाई हुनुभन्दा ७ (सात) दिन अगावै सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रकाशन गरिएको थियो । सबै वडा अध्यक्षहरुलाई फोन मार्फत तयारी गर्नुपर्ने विषयवस्तु लगायत आवश्यक तयारीको विषयमा जानकारी गराइएको थियो । गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटीमा सार्वजनिक सूचना टाँस गरिएको थियो । त्यस्तै वडा कार्यालयबाट टोल विकास संस्था, विद्यालय, उपभोक्ता समितिका पदाधिकारीहरु तथा स्थानीय राजनैतिक दलका प्रतिनिधिहरुको सहभागीता सुनिश्चितताको



लागि खबर गर्ने कार्य गरिएको थियो । त्यसैगरि गाउँपालिकामा कार्यरत गैरसरकारी संस्थाहरुलाई प्रतिनिधिहरुको सहभागीता लागि गाउँपालिका मार्फत सूचना गरिएको थियो ।

कार्यान्वयन चरण

बागमती गाउँपालिकाको कार्यालय भट्टेडाँडा ललितपुरको आयोजना तथा हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.मा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । गाउँपालिकाको अध्यक्ष **श्री बिर बहादुर लोप्चन**को अध्यक्षतामा संचालन भएको सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगायत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथास्थानमा आसन ग्रहण गराइएको थियो । स्वतन्त्र सहजकर्ता **श्री उमङ्ग मैनाली**ले सार्वजनिक सुनुवाई संचालनको विषयमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो । त्यसपछि सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्यको विषयमा बागमती गाउँपालिकाको उपाध्यक्ष **श्री भक्तबहादुर दर्लामी मगर**ले जानकारी गराउनु भएको थियो । सार्वजनिक सुनुवाईमा गाउँपालिकाद्वारा चालु आ.व २०८२/०८३ को हालसम्म भएको आय-व्यय लगायत समग्र भौतिक तथा बित्तीय प्रगतीको अवस्थाको विषयमा प्रमुख प्रशासकीय अधिकृत **श्री लोकहरी थापा**ले जानकारी गराउनु भएको थियो । त्यसपछि बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ को अनुसूची-२० अनुसार संकलन गरिएको **बहिर्गमन अभिमत**को नतिजा सहजकर्ताले प्रस्तुतीकरण गर्नुहुँदै नागरिकहरुबाट आएका सकरात्मक पक्ष र सुधारात्मक पक्षहरुको विषयमा समेत जानकारी गराउनु भएको थियो ।

प्रस्तुतीकरण पश्चात् चरणगत रुपमा नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो । वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, उपाध्यक्ष र अध्यक्षले आफूसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिनुभएको थियो । हाक्काहक्की प्रश्नोत्तर शैलीमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सबैलाई धन्यवाद दिँदै गाउँपालिका अध्यक्ष **श्री बिर बहादुर लोप्चन**ले समापन गर्नु भएको थियो ।

७. कार्यक्रममा भएका सवाल जवाफहरु

सार्वजनिक सुनुवाईमा आएका मुख्य प्रश्न तथा उत्तरहरु निम्नानुसार रहेका छन् :

क्र.स	प्रश्नकर्ताको नाम र ठेगाना	प्रश्न/गुनासा/सुझाव	जवाफदेहि वक्ताको नाम र पद	जवाफ
१	**सानु महर्जन** बागमती गापा-३	▪ केन्द्रीय सरकारले अतिक्रमित सार्वजनिक जग्गामा रहेको बसोबास हटाउन भनेको छ वा छैन । छ भने कहिलेबाट हटाउनु हुन्छ ? ▪ बागमती गाउँपालिकाबाट काठमाण्डौसम्म सिधै	**बिर बहादुर लोप्चन** गापा अध्यक्ष	▪ केन्द्रीय सरकारले अतिक्रमित सार्वजनिक जग्गामा रहेको बसोबास हटाउन कुनै किसिमको परिपत्र छैन । तथ्याङ्क संकलन गरी पठाउन भनिएको हुँदा वडाबाट तथ्याङ्क संकलन भइ रहेकोछ । ▪ गाउँपालिकाले काठमाण्डौसम्म सिधै सार्वजनिक यातायातको

		सार्वजनिक यातायातको साधन संचालन गर्न किन सकिएन ? छपेली-लगनखेल-न्युरोडसम्म यातायातको साधन संचालन गर्न सके नागरिकलाई सहज हुने थिया कि ? ▪ विद्युत सहकारीलाई किन घच्घच्याउन सकिएन ? चनौटे सब स्टेशनको काम नलाग्ने अवस्थाको भएको छ । कोन्ज्योसोम र बागमती गाउँपालिका मिलेर विद्युत प्राधिकरणसँग नियमित र व्यवस्थितको लागि आवश्यक छलफल गर्नुपर्‍यो ?		साधन संचालन गर्न संभव छैन । कान्ती लोकपथमा धेरै र नियमित गाडी चल्ने भएको हुँदा यात्रुहरु पाइँदैन । ▪ दक्षिण ललितपुर विद्युत सहकारीले काम गर्दा नागरिकलाई सन्तुष्ट बनाएको छैन । बिजुली नहुने बित्तीकै इन्टरनेट र नियमित सार्वजनिक सेवामा प्रभाव परेकोछ । भर्खरै प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको विपद् व्यवस्थापन समितिको बैठकमा पनि यस विषयमा कुरा भएकोछ । उक्त समस्या समाधानको लागि म लागि परेकोछु ।
२	**कृष्ण प्रसाद तिमल्सिना** बागमती गापा-३	यस आर्थिक वर्षको बजेटमा खयरघारी-रुम्बा सडक निर्माणको लागि बजेट ब्यवस्थापन हुन्छ कि हुँदैन ?	**बिर बहादुर लोप्चन** गापा अध्यक्ष	खयरघारी-रुम्बा सडक निर्माणको लागि पूर्बाधार विकास कार्यालयसँग समन्वय गरिरहेकोछु । उक्त सडक र पहिरोको दीगो ब्यवस्थापनको लागि बजेट सुनिश्चितता हुनेछ र ब्लक, मेसिनरी वाल सहितको निर्माण हुनेछ ।
३	**सिताराम चौरेल** बागमती गापा-३	मंसिर १५ गते खाली भएको शिक्षक दरबन्दी बल्ल जेठ १ गतेबाट पूर्ति भयो । जसको कारण ५ महिना विद्यार्थीको पठनपाठनमा समस्या भयो । १५ दिनभित्र खाली भएको ठाउँमा शिक्षक ब्यवस्थापन गरिदिनु होला ।	**बिर बहादुर लोप्चन** गापा अध्यक्ष	उक्त सयमा निर्वाचनको अवस्था थियो । निर्वाचन आचार संहिताको कारण शिक्षक सरुवा गर्न सकिएन, त्यही कारण ढिला भएको हो । हामी छिटो शिक्षकहरु पठाउन संवेदनशील छौं ।
			प्रदिप पराजुली शिक्षा अधिकृत	बिज्ञापनबाट शिक्षक ल्याउँदा २० दिनजति लाग्छ । सरुवाको कार्यविधि अनुशरण गर्दा केही

				ढिला हुन्छ तर हामी छिटो व्यवस्थापनको लागि प्रयत्न गर्छौं ।
४	**सानु महर्जन** बागमती गापा-३	महिलाको लागि कानुनी साक्षरता कम भएको देखिन्छ । न्यायिक समितिमा कम समस्या आउनुले पनि सामाजिक सचेतीकरण कम भएको बुझिन्छ । गाउँपालिकाको न्यायिक प्रणालीमा समुदायलाई कसरी नजिक बनाउन सकिन्छ ?	**भक्तबहादुर दर्लामी मगर** गापा उपाध्यक्ष	न्यायिक समितिमा गुनासो नआउनु पनि सकरात्मक पक्ष हो । कतिपय समस्याहरु वडामा नै समाधान हुने गरेकोछ । वडालाई सशक्त बनाइएकोछ । मेलमिलापकर्तालाई तालिम र परिचालन गरिएको कारण पनि समस्याहरु न्यायिक समितिसम्म कम आएको हुनसक्छ । उजुरी आएपछि गाउँपालिकाले सहजीकरण गर्छ । क्षमता विकासका पनि विभिन्न कार्यक्रमहरु संचालन भएका छन् ।
५	**कृष्ण प्रसाद तिमल्सिना** बागमती गापा-३	हावाहुरी आउने बित्तीकै बिना जानकारी २-३ दिनसम्म बत्ती जान्छ । नेटमा समस्या आउँछ । नियमित काममा समेत समस्या आउने गरेको हुँदा यसको व्यवस्थापन कसरी गर्न सकिन्छ ?	**लोकहरी थापा** प्रमुख प्रशासकीय अधिकृत	विद्युत प्राधिकरणको कारण नभई सहकारीको कारण यो समस्या आएको हो । हामी पनि सेवा प्रवाह गर्न नसकेर समस्यामा परेका छौं ।
			राम बहादुर भुलुन तामाङ वडा अध्यक्ष-२	बागमती गाउँपालिकाको भौगोलिक विकटता बिजुली जाने प्रमुख कारण हो भने सहकारीको लापर्वाही अर्को कारण हो । हामीले पनि धेरै पटक भन्यौ, प्रयत्न गर्यौं तर सकेनौं । नेटको लागि टेक कम्पनीले काम गरेकोछ । बिजुली नियमितता नभएको कारण समस्या भएको हो ।
६	**कृष्ण प्रसाद तिमल्सिना** बागमती गापा-३	गत वर्ष आएको बाढी पहिरोको कारण क्षति भएको कति परिवारलाई के राहत वितरण गरियो ?	**लोकहरी थापा** प्रमुख प्रशासकीय अधिकृत	बाढी पहिरोको कारण ५७ घरपरिवार प्रभावित भएको र २ जनाको मृत्यु भएको थियो । जसलाई संघीय सरकारबाट राहत दिइएकोछ। ५० हजारको दरले प्रभावितलाई घर निर्माणको लागि दिइएकोछ भने संघसंस्थाबाट पनि सहयोग

				भएको थियो । स्थायी आवास निर्माणको लागि गाउँपालिकाले नीति तथा कार्यक्रम ल्याउने तयारी गरेकोछ ।
७	**सिताराम चौरेल** बागमती गापा-३	विद्यालयको खातामा गएको रकम कुन शीर्षकमा जान्छ भन्ने विषयमा शाखाले विद्यालयलाई विवरण पठाउन मिल्छ कि मिल्दैन ?	**प्रदिप पराजुली** शिक्षा अधिकृत	विद्यालयको खातामा गएको रकम शीर्षकगत पठाउन कुनै समस्या छैन । विद्यालयमा हरेक त्रैमासिक रुपमा गएको विवरण गाउँपालिकाले उपलब्ध गराउनेछ ।
नोट : सार्वजनिक सुनुवाईमा वडा अध्यक्षहरुलाई कुनै प्रश्नहरु आएको थिएन ।				

८. सार्वजनिक प्रतिवद्धता कार्यान्वयनको अवस्था

बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ अनुसार अघिल्लो सार्वजनिक सुनुवाईमा भएका प्रतिबद्धता कार्यान्वयनको अवस्थाको विषयमा सार्वजनिक सुनुवाईमा जानकारी गराउनु पर्ने व्यवस्था रहेकोमा गत **२०८२ जेठ ३० गते भएको सार्वजनिक सुनुवाई**का प्रतिबद्धता कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृत **श्री लोकहरी थापा**ले जानकारी गराउनु भएको थियो ।

प्रतिबद्धता नं १. बागमती गाउँपालिकाको वडा कार्यालयहरुको सबैले देखिने स्थानमा आगामि आर्थिक बर्ष २०८२/०८३ को पहिलो चौमासिकभित्र नागरिक बडापत्र राखी सोही अनुसार सेवा प्रवाह गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

कार्यान्वयनको अवस्था : बागमती गाउँपालिकाको वडा कार्यालयहरु डिजिटल नागरिक बडापत्र रहेकोछ । चालु आर्थिक बर्षमा फ्लाक्स प्रिन्ट बनाई वडा कार्यालयमा नागरिक बडापत्र टाँस गरिनेछ ।

प्रतिबद्धता नं २. उपभोक्ता समितिबाट गरिने कामलाई थप सहजताको लागि उपभोक्ता समिति गठन पश्चात् अनिवार्य रुपमा अनुशिक्षण गर्दै थप प्रभावकारी बनाउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

कार्यान्वयनको अवस्था : उपभोक्ता समितिबाट गरिने कामलाई थप सहजताको लागि उपभोक्ता समिति गठनपश्चात् चालु आर्थिक बर्षबाट अनुशिक्षण संचालन गरिनेछ ।

प्रतिबद्धता नं ३. बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ अनुसार चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

कार्यान्वयनको अवस्था : सार्वजनिक सुनुवाईलाई थप ब्यवस्थित गर्दै बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ अनुसार चौमासिक रुपमा सार्वजनिक सुनुवाई संचालन गरिने ।

९. सार्वजनिक प्रतिबद्धता

सार्वजनिक सुनवाई संचालनको क्रममा धेरै प्रश्न, जिज्ञासा तथा गुनासाहरु आएकोमा तत्काल नै समाधान भएको थियो । त्यसैले कुनै किसिमको सार्बजनिक प्रतिबद्धता गरिएको थिएन ।

१०. कार्यक्रमको सवल पक्षहरु

- गाउँपालिकाको तर्फबाट चालु आर्थिक बर्षमा संचालन भएका समग्र भौतिक र बित्तीय प्रगती प्रस्तुतीकरण गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिइएको ।
- स्वतन्त्र सहजकर्ता तथा तेस्रो पक्षको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन गरिएको ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- सार्वजनिक सुनुवाईको विषयमा गाउँपालिकाले सूचना र फ्लाक्ससीट बनाई वेबसाइड तथा सार्वजनिक स्थलमा टाँस गरिएको ।
- सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न मस्यौदा कार्यविधि अनुसारको बहिर्गमन अभिमत संकलन गरी नतिजा प्रस्तुतीकरण गरिएको ।
- संचारकर्मीको सहभागीतामा सार्वजनिक सुनुवाई संचालन गरिएको ।
- सार्वजनिक सुनुवाईको गाउँपालिकाको फेसबुक पेज र नेपाल नेटवर्क टेलिभिजनबाट प्रत्यक्ष प्रशारण गरि प्रश्नात्तोर गर्ने प्रयत्न गरिएको ।
- बार्षिक रुपमा गाउँपालिकको कार्यविधिको अनुशरण गरी सार्वजनिक सुनुवाई संचालन गरिएको ।

११. सुधार गर्नुपर्ने पक्षहरु

- हरेक चौमासिक अवधिभित्र नै गाउँपालिकाको सार्वजनिक सुनुवाई संचालन गर्दा बढी प्रभावकारी एवं नागरिक सहभागीता बढ्ने ।
- बहिर्गमन अभिमत संचालन गर्दा सेवाग्राहीको संख्याबृद्धि गर्नुपर्ने ।
- नागरिक प्रतिवेदन पत्र समेत संकलन गरी सोको नतिजाको आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरे अझै प्रभावकारीता बढ्ने ।
- वडा-वडामा सार्वजनिक सुनुवाई संचालन पश्चात् गाउँपालिकास्तरमा संचालन गर्दा प्रभावकारी हुने ।
- स्थानीय एफ्.एम्.बाट प्रत्यक्ष प्रशारण (लाइभ) गर्न सके अझै नागरिकहरुसम्म सूचना पुऱ्याउन सजिलो हुने ।

१२. समस्याहरु

- सार्वजनिक सुनुवाईको समयमा बर्षाद् भएको कारण सेवाग्राही आउन तथा कार्यक्रम खुल्ला स्थानमा संचालन गर्न समस्या भएको ।
- भौगोलिक अवस्थाका कारण सेवाग्राही नागरिक जुटाउन समस्या ।
- सेवाग्राहीको उपस्थिति संख्या न्यून भएको ।
- कार्यविधि अनुसार नागरिक प्रतिवेदन संचालन गर्न नसकिएको ।
- निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु तथा अन्त्य गर्न नसकिएको ।

१३. निष्कर्ष

बागमती गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीहरुबीच छलफल गराउँदै जनप्रतिनिधिहरु तथा सम्बन्धित कर्मचारीहरुलाई थप जवाफदेही बनाउने तथा सेवाग्राहीहरुको गुनासा, जिज्ञासा र सुझावहरुको विषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको बागमती गाउँपालिकाबाट चालु आ.व २०८२/०८३ को हालसम्म प्रबाह भएका सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाई समग्रमा

प्रभावकारी नै रहेको मान्न सकिन्छ । बागमती गाउँपालिकाको आयोजना तथा हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि. भक्तपुरको सहजीकरणमा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले विपद् व्यवस्थापन, ग्रामीण सडकको दीगो विकास, सचेतनाका कार्यक्रमलाई थप व्यवस्थित, बिजुली बत्ती र इन्टरनेटको दीगो व्यवस्थापन, समयमा नै शिक्षक व्यवस्थापनका लागि गाउँपालिकाले थप प्रभावकारी कामहरु गर्नुपर्ने लगायतका प्रश्न तथा सुझाव राखेका थिए ।

सार्वजनिक सुनुवाईमा सहभागी नागरिकहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । सार्वजनिक सुनुवाईका सहभागीहरुले यसरी हाक्काहाक्की प्रश्नउत्तर गर्न पाईने सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुँदा उपलब्धिमूलक भएको विचार व्यक्त गरेका थिए । विकास निर्माणमा नागरिकहरुको सहभागीता तथा सूचनाको हकको कार्यान्वयनको लागि समेत सार्वजनिक सुनुवाईले सहज बनाउने बताएका थिए । सार्वजनिक सुनुवाईमा बहिर्गमन अभिमत संकलन गरी प्राप्त नतिजा सरोकारवालाहरुलाई जानकारी गराएबाट पनि सार्वजनिक सुनुवाई प्रभावकारीता झन् बढेको देखिन्छ । गाउँपालिकाबाट सार्वजनिक सुनुवाई हरेक चौमासिक अवधिभित्र नै नागरिकहरुको सहभागीता बृद्धि गर्दै संचालन गर्न सके सार्वजनिक सेवा तथा विकास निर्माणमा थप पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ ।

(समाप्त)

अनुसूची-१

तस्वीरमा सार्वजनिक सुनुवाई

सार्वजनिक सुनुवाईमा गाउँपालिका सम्बन्धी उठेका विषयहरुको जवाफ दिनुहुँदै गापा अध्यक्ष श्री बिर बहादुर लोप्चन ।

सार्वजनिक सुनुवाईमा स्वातग् सहित उद्देश्यको विषयमा जानकारी गराउनु हुँदै भक्तबहादुर दर्लामी मगर ।

गाउँपालिकाको भौतिक तथा बित्तीय प्रगती प्रस्तुतीकरण गर्नुहुँदै प्रमुख प्रशासकीय अधिकृत श्री लोकहरी थापा ।

सार्वजनिक सुनुवाई सहजीकरण गर्नुहुँदै स्वतन्त्र सहजकर्ता श्री उमङ्ग मैनाली ।

सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै सहभागी ।

सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै सहभागी ।

सार्वजनिक सुनुवाईका सहभागीहरु ।

सार्वजनिक सुनुवाईका सहभागीहरु ।

सार्वजनिक सुनुवाईमा प्रश्नको उत्तर दिनु हुँदै शिक्षा अधिकृत श्री प्रदिप पराजुली ।

सेवाग्राही सन्तुष्टी सर्बेक्षण गर्दै सर्बेक्षक ।

सेवाग्राही सन्तुष्टी सर्बेक्षण गर्दै सर्बेक्षक ।

सेवाग्राही सन्तुष्टी सर्बेक्षण गर्दै सर्बेक्षक ।

अनुसूची-२

बहिर्गमन अभिमतको नतिजा/प्रतिवेदन

(बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-२० अनुसार संकलन गरिएको)

बहिर्गमन अभिमत (Exit Poll)

संक्षिप्त प्रतिवेदन

बागमती गाउँपालिका

सार्वजनिक सुनुवाई

२९ जेठ २०८३

स्थान : बागमती गाउँपालिका

उत्तरदाताको अवस्था					शैक्षिक अवस्था				जातजाति		
विधि	महिला	पुरुष	अन्य	जम्मा	साक्षर	एसइई	आईए	बीए र सो भन्दा माथि	दलित	जनजाति	अन्य
बहिर्गमन अभिमत	8	22	0	30	15	3	9	3	3	15	12
प्रतिशत	27	73	0	100	50	10	30	10	10	50	40
संचालन गरिएको अवधि				देखि	2083 h]& 19				सम्म	2083 h]& 27	

कुन कामको लागि आउनु भएको हो	संख्या	प्रतिशत
सिफारिस लिन वा पुऱ्याउन	11	37
अनुमति/संस्था/नविकरण गर्न	2	7
आर्थिक सहयोग लिन	0	0
योजना माग गर्न	9	30
योजनाको किस्ता लिन	1	3
योजना मूल्यांकन तथा फरफारक गराउन	6	20
योजनाको अन्तिम भुक्तानी लिन	1	3
स्थानीय सरकारले राखेको सूचना प्राप्त गर्न	0	0
सूचनामूलक सामग्री संकलन गर्न	0	0
अन्य कुनै भए (...)	0	0
जम्मा	30	100

१. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईंको धारणा के-कस्तो रह्यो ?	संख्या	प्रतिशत
अति स्पष्ट	25	84
स्पष्ट	4	13
ठीकै	1	3
जम्मा	30	100

२. सेवा प्रदायक कर्मचारीले तपाईंको आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ?				
			संख्या	**प्रतिशत**
अति धेरै			22	74
ठीकै			6	20
थोरै			2	6
जम्मा			30	100

३. तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गर्नुभयो ?				
			संख्या	**प्रतिशत**
मिलनसार र मैत्रीपूर्ण			21	70
ठीकै			9	30
अभद्र/अमर्यादित			0	0
जम्मा			30	100

४.सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे तपाईंलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?				
			संख्या	**प्रतिशत**
अति स्पष्ट गरिदिए			28	94
ठीकै			2	6
अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए			0	0
जम्मा			30	100

५. तपाईंले राख्नुभएका समस्यालाई के कस्तो समाधार दिए ?				
			संख्या	**प्रतिशत**
अति सजिलो तरिबाट समाधान दिए			19	64
ठीकै			10	33
समाधार दिन सकेनन्			1	3
जम्मा			30	100

६. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ?				
			संख्या	**प्रतिशत**
अति सजिलो (छिटो)			16	54
ठीकै			9	30
लामो			5	16
जम्मा			30	100

३. गाउँपालिकाको बहिर्गमन अभिमतबाट देखिएका राम्रा पक्षहरु

- गाउँवासीहरु कार्यालयबाट प्रवाह भएको सेवा र कर्मचारीको व्यवहारप्रति समग्र सन्तुष्ट रहेका ।
- कार्यालय नियमित रुपमा (पदाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) संचालन भएको कुरामा विश्वस्त रहेका ।
- गाउँपालिकाको सरसफाई, संरचना तथा भौतिक संरचना प्रभावकारी रहेको ।
- घुम्ती स्वास्थ्य सेवा प्रभावकारी रुपमा संचालन भएको ।
- गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारीको ब्यवहार मिलनसार र मैत्रीपूर्ण रहेको तथा सकरात्मक सहयोग हुने गरेको ।
- कार्यालयले दिने सेवा र कर्मचारी प्रति विश्वस्त रहेका ।
- गाउँपालिकाको विकास निर्माणको स्थिति प्रभावकारी रहेको ।
- गाउँपालिकाको काम गर्ने प्रणाली र प्रक्रिया सरल तथा सहज रहेको ।
- सूचना प्रभावकारी रुपमा उपलब्ध गराउने गरेको ।

४. गाउँपालिकाको बहिर्गमन अभिमतबाट सेवा सुधारको लागि प्राप्त सुझावहरु

- गाउँपालिकाबाट चक्रपथ निर्माण गरी सबै वडालाई सडक संजालमा जोड्नु पर्ने ।
- गाउँपालिकामा उत्कृष्ट कार्य गर्ने कृषक, पशुपालक, शिक्षकलाई पुरस्कृत गर्नुपर्ने ।
- कृषि, पशुपालनको लागि प्राविधिक सहितको सेवा प्रवाह गर्नुपर्ने ।
- कृषि उत्पादको बजारीकरणको लागि सहजीकरण गर्नुपर्ने ।
- दुग्ध पकेट क्षेत्र बनाई पनिर, खुवा, मिठाई जस्ता दुधजन्य उत्पादनको लागि प्रोत्साहन गर्नुपर्ने ।
- एकल पुरुषलाई अनुदानमा प्राथमिकता दिनुपर्ने ।
- तिनपाने घुसेल सडक कालोपत्रे गर्नुपर्ने ।
- साना उद्योग र साना कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रम कार्यान्वयन गर्नुपर्ने ।
- जग्गाको कर उत्पादनभन्दा बढी भएको हुँदा करको दर पुनरावलोकन गर्नुपर्ने ।
- प्युटारको अस्पतालमा पर्याप्त औषधी, उपकरण ब्यवस्था गरी सहज रुपमा सेवा प्रवाह गर्ने ।
- ब्यवसायीहरुलाई विषेश अनुदानको कार्यक्रम दिनुपर्ने ।
- सबै सेवाग्राहीलाई सहज रुपमा सेवा प्रवाह गर्नुपर्ने ।
- विकास र सेवा प्रवाहमा राजनैतिक पूर्वाग्राही राख्न नहुने ।
- अपाङ्गता भएकालाई विशेष कार्यक्रम र पहुँचयुक्त संरचना निर्माण गर्नुपर्ने ।
- माल्टामा तरकारी संकलन केन्द्र स्थापना गरी संचालनको ब्यवस्था गर्नुपर्ने ।
- गाउँपालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकले थप सहयोग र सहजीकरण गर्नुपर्ने ।
- गाउँपालिकाबाट समय-समयमा एकिकृत घुम्ती शिविर संचालन गरी नागरिकहरुलाई स्थानीयस्तरमा नै सेवा सहज रुपमा प्रवाह गर्नुपर्ने ।
- ग्रामीण क्षेत्रको विकासको लागि प्राथमिकता दिनुपर्ने ।

समाप्त

अनुसूची-३

बहिर्गमन अभिमतको नतिजा/प्रतिवेदन

(बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-२० अनुसार संकलन गरिएको)

बहिर्गमन अभिमत (Exit Poll)

संक्षिप्त प्रतिवेदन

बागमती गाउँपालिका

सार्वजनिक सुनुवाई

२९ जेठ २०८३

स्थान : सबै वडा कार्यालयहरु

उत्तरदाताको अवस्था					शैक्षिक अवस्था				जातजाति		
विधि	**महिला**	**पुरुष**	**अन्य**	**जम्मा**	**साक्षर**	**एसइई**	**आईए**	**बीए र सो भन्दा माथि**	**दलित**	**जनजाति**	**अन्य**
बहिर्गमन अभिमत	28	42	0	70	0	0	0	0	0	0	0
प्रतिशत	40	60	0	100	0	0	0	0	0	0	0
संचालन गरिएको अवधि				**देखि**	2083 h]& 19				**सम्म**	2083 h]& 27	

कुन कामको लागि आउनु भएको हो	**संख्या**	**प्रतिशत**
सिफारिस लिन वा पुऱ्याउन	34	48
अनुमति/संस्था/नविकरण गर्न	0	0
आर्थिक सहयोग लिन	0	0
योजना माग गर्न	22	31
योजनाको किस्ता लिन	0	0
योजना मूल्यांकन तथा फरफारक गराउन	6	9
योजनाको अन्तिम भुक्तानी लिन	0	0
स्थानीय सरकारले राखेको सूचना प्राप्त गर्न	2	3
सूचनामूलक सामग्री संकलन गर्न	0	0
अन्य कुनै भए (...)	6	9
जम्मा	70	100

१. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईंको धारणा के-कस्तो रह्यो ?	**संख्या**	**प्रतिशत**
अति स्पष्ट	56	80
स्पष्ट	3	4
ठीकै	11	16
जम्मा	70	100

२. सेवा प्रदायक कर्मचारीले तपाईंको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?				
			संख्या	**प्रतिशत**
अति धेरै			55	79
ठीकै			12	18
थोरै			2	3
जम्मा			70	100

३. तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गर्नुभयो ?				
			संख्या	**प्रतिशत**
मिलनसार र मैत्रीपूर्ण			58	83
ठीकै			12	17
अभद्र/अमर्यादित			0	0
जम्मा			70	100

४.सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे तपाईंलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?				
			संख्या	**प्रतिशत**
अति स्पष्ट गरिदिए			52	74
ठीकै			18	26
अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए			0	0
जम्मा			70	100

५. तपाईंले राख्नुभएका समस्यालाई के कस्तो समाधार दिए ?				
			संख्या	**प्रतिशत**
अति सजिलो तरिबाट समाधान दिए			34	49
ठीकै			36	51
समाधार दिन सकेनन्			0	0
जम्मा			70	100

६. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ?				
			संख्या	**प्रतिशत**
अति सजिलो (छिटो)			30	43
ठीकै			37	53
लामो			3	4
जम्मा			70	100

३. वडाको बहिर्गमन अभिमतबाट देखिएका राम्रा पक्षहरु

- वडामा काम छिटो, छरितो तरिकाबाट भएको ।
- जनप्रतिनिधि र कर्मचारी मिलनसार रहेका ।
- अनुदानका सामग्रीहरु पाएको ।
- कर्मचारीको व्यवहार राम्रो रहेको तथा जनप्रतिनिधि सहयोगी रहेका ।
- केही वडा कार्यालयमा खानेपानी र कुर्ने स्थान उपयुक्त रहेको ।
- स्थानीय स्तरमा सडक निर्माणको लागि कार्य भएको ।

४. वडाको बहिर्गमन अभिमतबाट सेवा सुधारको लागि प्राप्त सुझावहरु

- वडा कार्यालयको आफ्नै संरचना निर्माण गर्नुपर्ने ।
- एउटा कर्मचारी नहुँदा अर्को कर्मचारीलाई जिम्मेबारी दिने व्यवस्था मिलाउनु पर्ने ।
- वडावाट नै सबै सेवाहरु पाउने व्यवस्था मिलाउनु पर्ने ।
- योजनाको भुक्तानी व्यवस्था सहज बनाउनु पर्ने ।
- वडा अध्यक्ष नियमित वडामा नै वसी सहजीकरण गर्नुपर्ने ।
- सहायता कक्षको व्यवस्थापन गरी निरक्षर सेवाग्राहीलाई सहजता बनाउनु पर्ने ।
- बर्षाको समयमा सडक मर्मत समयमा नै गर्नुपर्ने ।
- महिला हिंसा सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने ।
- अनुदानमा एकल महिलालाई प्राथमिकता दिनुपर्ने ।
- स्वास्थ्य संस्थामा पर्याप्त औषधी, उपकरण एक्सरे र ल्याबको व्यवस्था गर्नुपर्ने ।
- अडियो, भिडियोबाट शिक्षण गराउनु पर्ने ।
- काममा राजनैतिककरण नगरी सेवाग्राहीलाई समान व्यवहार गर्नुपर्ने ।
- वडामा आएका कृषि सामग्रीहरु समान रुपमा वितरण गर्दै पर्याप्त तालिम प्रदान गर्नुपर्ने ।
- दुग्ध विकासको विशेष कार्यक्रमहरु लागू बनाउनु पर्ने साथै खुवा बनाउने मेसिन अनुदानको रुपमा उपलब्ध गराउनु पर्ने ।
- पशु र कृषि प्राविधिकको व्यवस्था गर्नुपर्ने ।
- योजना तर्जुमा प्रक्रिया थप सहभागीतात्मक बनाउनु पर्ने ।
- तरकारी संकलन केन्द्र तथा सिंचाईको पर्याप्त कार्यक्रम संचालन गर्नुपर्ने ।
- गरीब, एकल महिला, दलित समुदायको लागि विशेष कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- नागरिक बडापत्र देखिने स्थानमा ठूला अक्षरले लेखी टाँस गर्नुपर्ने ।
- सेवालिने प्रक्रिया सहज, सरल तथा प्रविधिमैत्री बनाउनुपर्ने ।
- सिफारिस प्रक्रियालाई अनलाईनबाट व्यवस्थित गर्नुपर्ने ।
- प्रत्यक्ष रोजगारी फाइदा पुग्ने कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्नुपर्ने ।
- समय समयमा प्रविधिक र जनप्रतिनिधि स्थलगत अनुगमन गरी बास्तविकताको पहिचान गर्नुपर्ने ।
- बत्ती गएको अवस्थामा पनि वडा कार्यालयबाट सहज रुपमा सेवा प्रदान गर्नुपर्ने साथै फोटोकपीको व्यवस्था हुनुपर्ने ।
- पहिरो व्यवस्थापनको कार्यक्रम बनाई लागू गर्नुपर्ने ।
- सामाजिक सुरक्षा भत्ता टोलमा दिने व्यवस्था मिलाउनु पर्ने ।
- वडाको विकासको लागि बजेट सिलिङ बृद्धि गर्नुपर्ने ।

समाप्त

अनुसूची-४

कार्यक्रम संचालन तालिका

"कृषि, पर्यटन र पूर्वाधार : समृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार"

बागमती गाउँपालिका तथा वडा कार्यालयहरुबाट चालु आ.ब २०८२/०८३ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारीता विषयक **सार्वजनिक सुनुवाई**

२९ जेठ २०८३

भट्टेडाँडा, ललितपुर

सार्वजनिक सुनुवाईको उद्देश्य

- बागमती गाउँपालिका, वडा कार्यालय, विषयगत शाखाहरुले चालु आ.व २०८२/०८३ को हालसम्म गरेका काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राहीप्रति सेवा प्रदायकलाई थप जवाफदेही बनाउने ।
- सेवाग्राहीहरुको गुनासा, समस्या तथा जिज्ञासाहरुको बिषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने ।
- आगामि दिनहरुमा थप सेवा सुधारको लागि मार्ग निर्देशन गर्ने ।
- नागरिकलाई सूचनाको हकको प्रत्याभूति दिलाउने ।

कानूनी आधारहरु

- **नेपालको संविधान २०७२ को प्रस्तावनामा** सुशासन, पारदर्शीता र जबाफदेहिता प्रबर्द्धन ।
- नेपालको संविधान २०७२ को धारा ५१ **राज्यको निर्देशक सिद्धान्त (च.३)** मा विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागीता अभिबृद्धि गर्ने
- नेपालको संविधान २०७२ को **धारा २७ (मौलिक हक) सूचनाको हक**ले पनि प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयमा सूचना माग्ने र पाउने हक हुने ब्यवस्था गरेको ।
- **सुशासन ऐन २०६४ को दफा ३० (१)** ले स्थानीयस्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाले कानून सम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम नियमित रुपमा सार्वजनिक सुनुवाइ गराउनु पर्ने ।
- **सुशासन नियमावली, २०६५ को नियम १९** मा आफूले गरेको कामको सम्बन्धमा प्रत्येक चौमासिकमा कम्तीमा १ (एक) पटक सार्वजनिक सुनुवाई गर्नुपर्ने ।
- **स्थानीय सरकार संचालन ऐन २०७४ को प्रस्तावनामा** नै उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रबाह गर्ने कुरा स्पष्ट रुपमा किटान गरिएको ।
- **स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु**को उपदफा (५) मा सबै स्थानीय तहले सार्वजनिक सेवा प्रबाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा **सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुप**मा संचालन गर्नुपर्ने ।
- **बागमती गाउँपालिका** सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ मा हरेक चौमासिक रुपमा सार्वजनिक सुनुवाई आयोजना गरी सेवाग्राहीको पीर,मर्का, गुनासाहरु सुन्नुपर्ने ब्यवस्था गरेको ।
- **स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (ब्यवस्थापन तथा संचालन) कार्यविधि २०८२** को १.२ पारदर्शीता र उत्तरदायित्व सम्बन्धी ब्यवस्थाको सुचक नं १.२.४ मा स्थानीय सरकारले बहिर्गमन अभिमन संकलन वा सेवाग्राही पृष्ठपोषण संकलन वा सेवाग्राही सन्तुष्टी सर्बेक्षण गरी प्रतिवेदन सार्वजनिकीकरण गर्नुपर्ने ब्यवस्था रहेको ।

कार्यक्रम विवरण

- मिति : २९ जेठ २०८३ शुक्रवार
- स्थान : बागमती गाउँपालिकाको परिसर भट्टेडाँडा
- समय : दिनको ११ बजेदेखि
- आयोजक : बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भट्टेडाँडा, ललितपुर
- सहजीकरण : हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि. भक्तपुर

१. **संचालन** :- उमङ्ग मैनाली/सहजकर्ता

२. **जवाफदेही वक्ताहरु**

- बागमती गाउँपालिका अध्यक्ष **श्री बिर बहादुर लोप्चन** *(अध्यक्षता समेत)*
- बागमती गाउँपालिका उपाध्यक्ष **श्री भक्तबहादुर दर्लामी मगर**
- बागमती गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री लोकहरि थापा**
- बागमती गाउँपालिका वडा नं १ का अध्यक्ष **श्री ज्ञान बहादुर लो**
- बागमती गाउँपालिका वडा नं २ का अध्यक्ष **श्री राम बहादुर भुलुन तामाङ**
- बागमती गाउँपालिका वडा नं ३ का अध्यक्ष **श्री नबराज खड्का**
- बागमती गाउँपालिका वडा नं ४ का अध्यक्ष **श्री रामकुमार लामा**
- बागमती गाउँपालिका वडा नं ५ का अध्यक्ष **श्री नवराज तिमिल्सिना**
- बागमती गाउँपालिका वडा नं ६ का अध्यक्ष **श्री नारायण भोम्जन**
- बागमती गाउँपालिका वडा नं ७ को प्रतिनिधि.........................

अतिथि : नेपाल नेटवर्क टेलिभिजनका प्रतिनिधि **श्री भरत लामिछाने**

अतिथि तथा संचारकर्मी

- निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगायत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीबी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायत कार्यक्रममा उपस्थित सबैलाई **यथास्थानमा तालीको साथ आसन ग्रहणको** लागि अनुरोध ।

३. स्वागत सहित कार्यक्रमको उद्देश्य :- बागमती गाउँपालिका उपाध्यक्ष **श्री भक्तबहादुर दर्लामी मगर**

४. आचार संहिता प्रस्तुत (कार्यक्रमभर लागू हुने गरी) :-संचालक

५. बागमती गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री लोकहरि थापाबाट**

- बागमती गाउँपालिकाबाट चालु आ.व २०८२/०८३ को हालसम्म भएको आयब्यय लगायत भौतिक र बित्तीय समग्र प्रगतीको संक्षिपत जानकारी ।

६. बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ को अनुसूची-२० अनुसार **संकलन गरिएको बहिर्गमन अभिमतको नतिजा प्रस्तुती**

गत २०८२ जेठ ३० गतेको सार्वजनिक सुनुवाईको प्रतिबद्धता कार्यान्वयनको अवस्था

प्रतिबद्धता नं १. बागमती गाउँपालिकाको वडा कार्यालयहरुको सबैले देखिने स्थानमा आगामि आर्थिक बर्ष २०८२/०८३ को पहिलो चौमासिकभित्र नागरिक बडापत्र राखी सोही अनुसार सेवा प्रवाह गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

प्रतिबद्धता नं २. उपभोक्ता समितिबाट गरिने कामलाई थप सहजताको लागि उपभोक्ता समिति गठन पश्चात् अनिवार्य रुपमा अनुशिक्षण गर्दै थप प्रभावकारी बनाउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

प्रतिबद्धता नं ३. बागमती गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ अनुसार चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

खुल्ला छलफल/हाक्कहाक्की प्रश्नोत्तर/सवालजवाफ

७. धन्यवाद ज्ञापन तथा समापन : बागमती गाउँपालिका अध्यक्ष **श्री बिर बहादुर लोप्चन**

प्रतिबद्धता तयारी तथा हस्ताक्षर

चिया, खाजा

अनुसूची-५
सार्वजनिक सुनुवाईको उपस्थिति

सार्वजनिक सुनुवाई– बागमती गाउँपालिका ललितपुर

कार्यक्रमको नाम : बागमती गाउँपालिका तथा वडा कार्यालयहरुबाट चालु आ.ब २०८२/०८३ को हालसम्म प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई

कार्यक्रमको उद्देश्य : बागमती गाउँपालिका तथा वडा कार्यालयहरुबाट चालु आ.ब २०८२/०८३ को हालसम्म वडा कार्यालय, गाउँपालिका तथा मातहतका कार्यालयबाट प्रवाह भएको सार्वजनिक सेवा सुविधा तथा विकास निर्माणको अवस्थाको विषयमा सरोकारवाला र सेवाग्राहीहरु बीच हाक्काहाक्की प्रश्नोत्तर गराई सुधारात्मक विषयमा छलफल गर्ने/गराउने ।

कार्यक्रम विवरण
मिति : २९ जेठ २०८३ (शुक्रबार)
स्थान : बागमती गाउँपालिकाको परिसर भट्टेडाँडा, ललितपुर
समय : दिनको ११ बजेबाट

आयोजक : बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भट्टेडाँडा, ललितपुर

सहजीकरण : हेल्पिङ्ग ह्याण्डस् कन्सल्टेन्सी प्रा.लि भक्तपुर

उपस्थिति विवरण

क्र.सं	सहभागीको नाम, थर	संस्था/ठेगाना	पद	हस्ताक्षर
१	श्री बिर बहादुर लोप्चन	बागमती गापा	अध्यक्ष	
२	श्री भक्तबहादुर दर्लामी मगर	बागमती गापा	उपाध्यक्ष	
३	श्री लोकहरि थापा	बागमती गापा	प्र.प्र.अ	
४	श्री ज्ञान बहादुर लो	बागमती गापा-१	वडा अध्यक्ष	
५	श्री राम बहादुर भोलुन तामाङ	बागमती गापा-२	वडा अध्यक्ष	
६	श्री नबराज खड्का	बागमती गापा-३	वडा अध्यक्ष	
७	श्री रामकुमार लामा	बागमती गापा-४	वडा अध्यक्ष	
८	श्री नवराज तिमिल्सिना	बागमती गापा-५	वडा अध्यक्ष	
९	श्री नारायण भोम्जन	बागमती गापा-६	वडा अध्यक्ष	
१०	उमङ्ग मैनाली	हेल्पीङ ह्याण्डस्	सहजकर्ता	

क्र.सं	सहभागीको नाम, थर	संस्था / ठेगाना	पद	हस्ताक्षर
१२	रेवती रमण तिमल्सिना	बागमती गा.पा	प्रशासकीय प्रमुख	[signature]
१३	विमला कोइराला	" "	योजना शाखा प्रमुख	[signature]
१४	प्रदिप पराजुली	" "	शिक्षा अधिकृत	[signature]
१५.	केशव दुलाँदी	" "	सि प्र. शाखा	[signature]
१६	विनोद वाइबा	" "		[signature]
१७	संजिब वाखा	" "		[signature]
१८	दुधराज लामा ...	" "	...	[signature]
१९.	हरि प्र. तिमल्सिना	" "	—	[signature]
२०.	प्रदिप कुमार यादव	बागमती गा.पा.	राजश्व प्रमुख	[signature]
२१	अम्बा बान्तोला	"	म.ल.वि.नि.	[signature]
२२	लक्ष्मी घिमिरे	"	सा.प.	[signature]
२३	भक्ति तिमल्सिना	" "	सा.प	[signature]
२४	सीताराम चौरेल	श्रीभट्टेडाँडा आ.वि	शिक्षक	[signature]
२५	सानु महर्जन	बा.गा.-३	जनता	[signature]
२६	हरिकान्त घिमिरे	बागमती २		[signature]
२७	किसन प्रसाद तिमल्सिना	बागमती-३		[signature]
२८	सागर घिमिरे	बागमती ३		[signature]
२९	हर्क मान बल	"	"	[signature]
३०.	समिर थेर	बा.गा.पा.	सि.सी. प्र.	[signature]
३१	सम्झना बजगाई	"	"	[signature]

क.सं	सहभागीको नाम, थर	संस्था/ठेगाना	पद	हस्ताक्षर
३२	दीपक बटाला	बागमती गा.पा.	सब-ई.	[signature]
३३.	अनुकुल भण्डारी	बागमती गा.पा. ६	ना.प्र.स्वा.प्र.	[signature]
३४	शोभा तिमिल्सिना	बागमती गा.पा. ३		[signature]
३५.	पुष्पा थिङ	- ३	जनप्रतिनिधि	[signature]
३६.	राज कुमार सापकोटा	बागमती गापा	[illegible]	[signature]
३७	मुरलीधर घिमिरे	,,	कृषि प्रा. [illegible]	[signature]
३८	प्रल्हाद भण्डारी	बागमती गा.पा ६	वडा सचिव	[signature]
३९	गिरी राज दाहाल	बागमती गा.पा	आ.ले.प.अ.	[signature]
४०	काल बहादुर			[signature]
४१	हरि प्रसाद [illegible]			[signature]
४२	लिला तिमाल्सिना	कृषक कार्यालय बागमती गा.पा. -3		[signature]
४३.	बालकृष्ण दाहाल	बागमती - ३.		[signature]
४४	प्रताप बुढा	बागमती गा.पा.	कृषि अधिकृत	[signature]
४५	दिपक गुरुङ	बागमती गा. पा.	सब-ई.	[signature]
४६	संगीता घिमिरे	बागमती गापा काठेडाँडा (बाघीरी)	अं.न.मी	[signature]
४७	सम्झना रसिना	,,	ह.स्वा.पे	[signature]
४८	अजय कुमार यादव	आधारभूत स्वा. चौकी	सि.अ.हे.व	[signature]
४९	ऋषिराम बुढाथोकी	थाङसिङ स्वास्थ्य अस्पताल	सि.अ.हे.व	[signature]
५०	रोशनी कार्की	बा-गा-पा	सि.अ.न.मी	[signature]
५१	लक्ष्मी बराल	बा गा पा	अधिकृत	[signature]

क.सं	सहभागीको नाम, थर	संस्था / ठेगाना	पद	हस्ताक्षर
५२	ममता सुब्बा	बागमती गा.पा.-२	सहायक पाँचौं	[signature]
५३	रमेश च्यौपाने	बागमती-१ फुम्के	प्र.प्रशा. फुम्के मागनि	[signature]
५४	प्रियंका भट्ट	बागमती गा. पा.	पशु चिकित्सक	[signature]
५५.	हरि प्रसाद घिमिरे	बागमती गा.पा.	प्राविधिक पाँचौं तह	[signature]
५६.	बलदेव बिष्ट	बागमती गा.पा. २	प.वि.प्रा.	[signature]
५७	माधव पौडेल	बागमती गा.पा.	MIS operator	[signature]
५८.	सचिना थापा मगर	बागमती गा.पा.	EA	[signature]
५९	सत्य कार्की	" "	न्यायिक सहजकर्ता	[signature]
६०	ज्ञान प्रसाद संजेल	" बागमती	चिकित्सक	[signature]
६१	सोमरङ्ग बोलक	" "		[signature]
६२	राकेश तामाङ	बागमती - ४ प्रहरी	९८५८६५४	[signature]
६३.	राजु बा.गा.	बागमती - ३	कर्मचारी	[signature]
६४	मञ्जु तिमल्सिना	बागमती - ३	कर्मचारी	[signature]
६५	जमुना स्याङतान	"	कर्मचारी	[signature]
६६	प्रेम बहादुर सिंह	"	"	प्रेम.
६७	लक्ष्मी गौतम	"	कर्मचारी	[signature]
६८	सुशीला सुनार	"	"	सुशीला
६९	अमृता खड्का	"	कर्मचारी	[signature]
७०	कान्ती प्रजापति	"	कर्मचारी	[signature]
७१	रूपा तिमल्सिना	"	कर्मचारी	Rupa

क.सं	सहभागीको नाम, थर	संस्था/ठेगाना	पद	हस्ताक्षर
62	मिलन शर्मा	नागरिक/[illegible]		[signature]
63	भरत लामिछाने	''		[signature]
74.	Deepak Sapkota.	Lalitpur		[signature]
75.	Bijaya lawati	Kathmandu		[signature]
76.	Shyam dhital.	Kathmandu.		[signature]
77	Keshav Raj S.	NNTV	C. P.	[signature]
68	हर्क बं कार्की	हेल्पीङ ह्याण्डस		[signature]